**गण्डकी प्रदेश सरकार**
**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**स्वास्थ्य कार्यालय तनहुँ**


# सूचना को हक सम्बन्धि ऐन,२०६४, दफा(३) बमोजिम प्रस्तुत गरिएको सार्बजनिक सूचना- २०८० श्रावण

## क. तनहुँ जिल्लाको संक्षिप्त परिचयः

नेपालको राजधानी काठमाडौ देखी ११० कि.मि. पश्चिम तर्फ, गण्डकी प्रदेशको राजधानी पोखरा देखी १७ कि.मि. पूर्व तर्फ मध्य पहाडी क्षेत्रमा पर्ने सुन्दर जिल्लाको रुपमा तनहुँलाई मानिन्छ । मर्याङ्दी(शितप्रभा),मादी(माहिन्द्री गंगा), सेती (शुपर्णभा), कालीगण्डकी(कृष्ण गण्डकी), दरौदी (विश्वधरा) र त्रिशुली(कर्मधरा) नदीहरुले सिंचित यस जिल्लाको क्षेत्रफल १५६४ वर्ग कि.मि. रहेको छ। जिल्लाको सवैभन्दा होचो स्थान देवघाट (२१७) मि. र अग्लो स्थान छिम्केश्वरी पहाड (२१३४) मि. सम्म यस जिल्ला फैलिएर रहेको छ। कालीगण्डकी नदी र त्रिशुली नदीको संगम देवघाट धाम यस जिल्लाको मात्र नभई देश तथा विदेशमा समेत प्रसिद्ध रहेको छ । यसका साथै तनहुँ जिल्लामा छाब्दी वाराही मन्दिर, ढोरवाराही मन्दिर, आधिमुल, ब्यास ऋषिको जन्मस्थल ब्यास गुफा, पाञ्चायन मन्दिर, पराशर आश्रम, वसन्तपुर थानीथान मन्दिर, शुक्लागण्डकी च्वयनधाम धाम, श्रृगऋषिको आश्रम, तिनखोले मन्दिर, अकला मन्दिर, छिम्केश्वरी माईको मन्दिर, वाराही मन्दीर, लगायत विभिन्न मन्दिर तथा धार्मिक क्षेत्रहरु रहेका छन्। स्थलको रुपमा प्रसिद्ध। दमौली बजार यसको सदरमुकाम हो। नेपालको साबिकको पश्चिमान्चल बिकास क्षेत्र अन्तर्गत गण्डकी अन्चलको दक्षिण पुर्बमा अबस्थित तनहुँ जिल्ला संघिय संरचना अन्तरगत गण्डकी प्रदेशका ११ जिल्ला मध्ये दक्षिण पूर्वमा रहेको छ। दक्षिणमा चुरे क्षेत्र संग सिमाना जोडिएको यस जिल्ला मुलत महाभारत श्रृङखला र मध्य पहाडीमा रहेको छ । पृथ्वि राजमार्ग, गोरखा लमजुङ पाल्पा जोड्ने राजमार्ग तथा सडकहरु यस जिल्लाका प्रमुख सडकहरु हुन्। यस जिल्ला विश्व मानचित्रमा ८३°७५ देखि ८४°३४ पुर्बो देशान्तर २७°३ देखि २८°०५ उत्तरी अंक्षाम्समा फैलिएको छ । संघिय संरचनावाट तनहुँ जिल्लामा ६ वटा गाउँपालिका र ४ वटा नगरपालिकाहरुको गठन भएको छ । जिल्लाको सदरमुकाम दमौली वजार ब्यास नगरपालिकामा रहेको छ। साथै जिल्लाको प्रमुख ब्यापारिक केन्द्रका रुपमा दुलेगौडा वजार, भिमाद वजार, डुम्रे वजार, आवुखैरेनी वजार, खैरेनीटार वजार रहेका छन् भने यसका साथै तुरतुरे वजार, वाईसजाँगर, कालीमाटी, थर्पु, जामुने, वन्दीपुर, देवघाट, मानपुर लयायतका विभिन्न वजारकेन्द्रहरु समेत रहेका छन्

## ख. निकायको स्वरूप र प्रकृतिः

तनहुँ जिल्लाको स्वास्थ्य कार्यक्रम संचालन गर्न गण्डकी प्रदेश सरकारको कार्यालयको रुपमा यो कार्यालय रहेको छ। गण्डकी प्रदेश सरकार अन्तरगत सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको जिल्लाको कार्यक्रम संचालन गर्न स्वास्थ्य निर्देशनालयको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही कार्य गर्न स्वास्थ्य कार्यालय तनहुँको गठन भएको हो । साविक देखी जिल्लामा जिल्ला स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको संघीय सरकार अन्तरगतको कार्यालयलाई संघीय संरचना अनुसार प्रदेश कार्यालयको रुपमा स्थापना गरीएको हो। साविकमा जिल्ला स्वास्थ्य कार्यालय तनहुँले गर्ने कार्यक्रमहरुलाई संचालन निरन्तरता स्वरुप स्वास्थ्य कार्यक्रम खोप तथा परिवार नियोजना मातृशिसु कार्यक्रमको संचालन महामारी रोग नियन्त्रण रोकथाम र आवश्यक सहयोगको लागि स्वास्थ्य कार्यालयहरुको प्रमुख जिम्मेवारी रहने गरी यस कार्यालयको स्थापना गरिएको हो। कार्यालयको स्वरुप ढाँचा तपशिल अनुसार रहेको छ।




**ग. कार्यालयको काम ,कर्तब्य र अधिकारः**

यस कार्यालयवाट स्वास्थ्य क्षेत्र संग सम्वन्धित विभिन्न कार्यक्रमहरु संचालन गरिदै आएको छ । जिल्ला भित्र हुने स्वास्थ्य सरोकारित विषयहरुका यस कार्यालयले समन्वय तथा नियमन हुदै आएको छ । संघीय कार्यक्रमहरु जस्तै परिवार नियोजन वालस्वास्थ्य तथा नियमित खोप कार्यक्रमको संचालन प्रदेश स्तरिय स्वास्थ्य कार्यक्रमहरुको संचालन र स्वास्थ्य सेवा विभाग एवं स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशवाट प्राप्त निर्देशन अनुसार स्वास्थ्य सम्वन्धी क्षेत्रका वहु आयामिक कार्यहरु यस कार्यालयले सम्पादन गर्दै आएकोछ । यस कार्यालयका महत्वपूर्ण उदेश्यहरु तथा कार्यहरु साथै कर्तव्य र अधिकारलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनमा सहयोग गर्ने ।
२. जिल्ला स्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन
३. स्वास्थ्यसेवा सम्वन्धी जिल्ला स्तरिय व्यवसायिक र पेसागत संघ संस्थाको नियमन र अनुगमन गर्ने
४. जिल्ला भित्र स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन
५. जिल्ला भित्र स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन
६. खोप सेवा संचालनको तोकिएका खोप केन्द्रहरुवाट खोप सेवा संचालनका लागि भ्याक्सिन वितरण र कोल्डचेन ब्यवस्थानप
७. परिवार नियोजन सेवा अस्थाई साधन आपूर्ती तथा भण्डारण
८. परिवार नियोजन सेवा स्थाई बन्ध्याकरण शिविर संचालन
९. सुरक्षित मातृत्व सम्वन्धि कार्यक्रम संचालन र सेवा प्रदान एवं यसै संग सम्वन्धित कार्यक्रमहरुको अनुमगन नियमन गर्ने
१०. वाल स्वास्थ्य तथा पोषण संग सम्वन्धित कार्यक्रम संचालन अनुगमन रेखदेख तथा नियमन
११. औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति तथा HIMS/LMIS तथा विभिन्न फारमहरुको आपूर्ती भण्डारण तथा वितरण
१२. जिल्ला भित्र जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)
१३. स्वास्थ्य प्रदायक संस्था फर्म तथा नर्सिङ होमको अनुमगन नविकरण तथा नियमन गर्ने
१४. स्वास्थ्य क्षेत्रमा आपत्कालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन

१५. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम

१६. खानेपानी परिक्षण तथा शुद्दिकरणका कार्यक्रम संचालन गर्ने ।

१७. जनस्वास्थ्य सम्वन्धी जिल्ला भित्रका कार्यक्रम संचालनको लागि प्रदेश तथा निर्देशनालयहरुमा समन्वय गर्ने

**घ. कर्मचारी संख्या र विवरणः**

स्वास्थ्य कार्यालय तनहुँको स्वीकृत दरवन्दी र कार्यरत जनशक्तीको विवरण तपशिल अनुसार रहेको छ ।

स्वीकृत दरवन्दी विवरणः

| सि.नं. | पदको विवरण | सेवा | समूह | श्रेणी/तह | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | स्वास्थ्य | हे.ई. | ९।१० | १ | ० | १ | |
| २ | जनस्वास्थ्य अधिकृत वा सो सरह | स्वास्थ्य | हे.ई. | ७।८ | १ | १ | ० | |
| ३ | तथ्याङ्क अधिकृत | आर्थिक योजना तथा तथ्याङ्क | तथ्यांङ्क | ७।८ | १ | ० | १ | |
| ४ | हे.अ. वा सो सरह | स्वास्थ्य | हे.ई. | ५।६।७ | ३ | ३ | ० | |
| ५ | पब्लिक हेल्थ नर्सिङ | स्वास्थ्य | क.न. | ५।६।७ | १ | १ | ० | |
| ६ | ल्याव टेक्निसियन | स्वास्थ्य | मे.ल्या.टे. | ५।६।७ | १ | १ | ० | |
| ७ | कोल्ड चेन | स्वास्थ्य | हे.ई. | ५।६।७ | १ | १ | ० | |
| ८ | अधिकृत | प्रशासन | सा.प्र. | ६ | १ | १ | ० | |
| ९ | अधिकृत | प्रशासन | लेखा | ६ | १ | १ | ० | |
| १० | हल्का सवारी चालक | ईन्जिनियरिङ | मे.ई. | २ | १ | ० | १ | १ करारमा |
| ११ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | १ | १ | १ | १ | |

कार्यरत कर्मचारीको नाम थर समेतको विवरणः

| सि.नं. | पदको विवरण | कर्मचारीको नामथर | संकेत नं. | मो.नं. | श्रेणी/तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ज.स्वा.अ. | श्री विधा तामाङ | २००८४५ | | ८ | अध्ययन विदामा |
| २ | खो.सु.अ. | श्री शंकरवावु अधिकारी | १३७३८६ | ९८५६०२२७३७ | ७ | |
| ३ | ज.स्वा.नि. | श्री मोहदत्त ढकाल | १६६८७२ | ९८५६०५०३५५ | ६ | |
| ४ | प.नि.सु.नि. | श्री सुदिप कंडेल | २२५७३७ | ९८४६४७९१२० | ६ | |
| ५ | प.हे.न. | श्री पुजा कुँवर | | ९८४६४६७९०३ | ५ | |
| ६ | ल्या.टे.नि. | श्री राजेन्द्र रानाभाट | १९९४७४ | ९८४६०५४७१६ | ६ | |
| ७ | कोल्ड चेन | श्री कौलेश्वर मुखिया | १४९५४४ | ९८४५१६२१०८ | ६ | |
| ८ | अधिकृत | श्री पुष्प खनाल | १७५९०१ | ९८५६०४३०२४ | ६ | |
| ९ | अधिकृत लेखा | श्री चिज कुमार श्रेष्ठ | १७५२६१ | ९८५६०६६५०५ | ६ | |
| १० | ह.स.चा. | श्री उत्तर बहादुर थापा | | ९८४६२९५८९९ | करारमा | |
| ११ | का.स. पाचौं | श्री रेशम बहादुर खड्का | १७२५३७ | ९८४६०९१६८० | १ | |

ङ. **शाखा र जिम्मेवार अधिकारीः**

**यस कार्यालयमा  कार्यरत कर्मचारीहरुको शाखा तथा कार्य जिम्मेवारी तपशिल अनुसार रहेको छ ।**

| सि.नं. | पद | कर्मचारीको नामथर | शाखा तथा जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | खो.सु.अ. | श्री शंकरवावु अधिकारी | निमित्त कार्यालय प्रमुख/ खोप कार्यक्रम | |
| २ | ज.स्वा.नि. | श्री मोहदत्त ढकाल | स्वास्थ्य कार्यक्रम योजना संचालन पोषण, खोप | |
| ३ | प.नि.सु.नि. | श्री सुदिप कंडेल | परिवार नियोजन कार्यक्रम, तथ्यांङ्क, HIMS/LMIS | |
| ४ | प.हे.न. | श्री पुजा कुँवर | पब्लिक हेल्थ नर्स मातृशिसु सुरक्षा | |
| ५ | ल्या.टे.नि. | श्री राजेन्द्र रानाभाट | खानेपानी परिक्षण टि बि मलेरिया एचआईभि सरुवा रोग समेत | |
| ६ | कोल्ड चेन | श्री कौलेश्वर मुखिया | कोल्डचेन रुम ब्यवस्थापन | |
| ७ | अधिकृत | श्री पुष्प खनाल | प्रशासन स्टोर औषधि आपूर्ति भण्डारण वितरण | |
| ८ | अधिकृत लेखा | श्री चिज कुमार श्रेष्ठ | आर्थिक प्रशासन सम्वन्धि | |
| ९ | ह.स.चा. | श्री उत्तर बहादुर थापा | सवारी चालक तथा कार्यालय सुरक्षा | |
| १० | का.स. पाचौं | श्री रेशम बहादुर खड्का | कार्यालय सुरक्षा भण्डारण कक्षहरुको सुरक्षा तथा सहयोग गर्ने | |

च. **वार्षिक कार्यक्रम तथा योजनाः**

स्वास्थ्य कार्यालय तनहुँको आ.ब. २०७९।०८० को लागि स्वीकृत कार्यक्रमहरु तथा जिम्मेवार ब्यक्तीहरु कार्यक्रम संचालनको अवस्था तथा प्रगति देहाय अनुसार रहेको छ ।


| **सि.नं.** | **कार्यक्रम** | जिम्मेवार | प्रगतिको अवस्था |
|---|---|---|---|
| १ | उच्च मातृ तथा नवशिशु मृत्यु भएका स्थानीय तहमा समुदायमा आधारित एम पि डी एस आर कार्यक्रम संचालन | पुजा कुँवर | कार्यक्रम सम्पन्न |
| २ | स्थानीय तहको साझेदारीमा पूर्व प्रसुती र उत्तर प्रसुतीका घर/घरमा स्वास्थ्यकर्मी सेवा कार्यक्रम | पुजा कुँवर | कार्यक्रम सम्पन्न |
| ३ | स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम | पुजा कुँवर | कार्यक्रम सम्पन्न |
| ४ | स्वास्थ्य स्वयंसेविका भत्ता | पुजा कुँवर | कार्यक्रम सम्पन्न |
| ५ | खोपको पहुंच बढाई छुट वच्चालाई खोप दिलाई पूर्ण खोप सुनिश्चित गर्न वैशाख महिनालाइ खोप महिना संचालन गर्ने तथा पालिकास्तरमा योजना निर्माण समेत | पुजा कुँवर | कार्यक्रम सम्पन्न |
| ६ | स्वास्थ्य सम्वन्धी जोखिम संचार अभिमुखिकरण तथा जनचेतनावृद्बीका लागि मिडिया परिचालन | पुष्प खनाल | कार्यक्रम सम्पन्न |
| ७ | टोल विकास / सहकारी/ आमासमूहमा स्वास्थ्य सम्वन्धी जनचेतनामुलक कार्यक्रम | पुष्प खनाल | कार्यक्रम सम्पन्न |
| ८ | नीजि स्वास्थ्य संस्था संचालन अनुमति, अनुगमन, सुपरीवेक्षण तथा स्थलगत अनुशिक्षण | सम्यूक्त | |
| ९ | औषधीहरुको वफर स्टक पायलिङ | पुष्प खनाल | कार्यक्रम सम्पन्न |
| १० | स्वास्थ्य सामाग्री औषधीहरुको स्टक तथा ढुवानी | पुष्प खनाल | कार्यक्रम सम्पन्न |
| ११ | पारिवारिक तथा जनसाख्यिक  लगत संकलन | पुष्प खनाल | कार्यक्रम सम्पन्न |
| १२ | एम्वुलेन्स सेवा समितिको वैठक तथा सरोकारवालाहरु वीच समिक्षा तथा अभिमूखिकरण | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १३ | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १४ | पोषण सामाग्री ढुवानी जिल्ला | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १५ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १६ | स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, प्रतिनिधिलगायतको सहभागीतामा पोषणसम्बन्धी समिक्षा, योजना तर्जुमा तथा छलफल | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १७ | नसर्ने रोग सम्बन्धि PEN तालिम | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १८ | IMNCI कार्यक्रम | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| १९ | उपचारात्मक सेवा सम्वन्धि स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रम | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २० | खोप तथा पूर्ण खोपको बारेमा जनचेतना बढाई खोप उपयोग बृद्धिको लागि स्थानिय भाषामा शैक्षिक सामाग्रि (खोप सम्बन्धि सन्देश मुलक ब्रोस्रर, पम्प्लेट, खोप तालिका, खोप मौज्दात नियन्त्रण रजिष्टर, सुक्ष्म योजना फारम तथा खोप अनुगमन चार्ट र खोपसँग सम्बन्धित अन्य सामाग्री आदि) छपाई तथा वितरण | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २१ | खोप तथा कोल्ड चेन व्यवस्थापनको लागि कोल्डचेन विस्तार गर्न पालिकाहरु सँग अभिमुखिकरण र योजना कार्यक्रम २ दिन | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |

| | | | |
|---|---|---|---|
| २२ | जिल्लाबाट पालिका तथा स्वास्थ्य संस्थास्तरमा खोप, सरसफाई प्रवद्र्धन कार्यक्रम तथा पूर्ण खोप भेरिफिकेसन र दिगोपनाको लागी सहजीकरण, सुपरिवेक्षण एवम् पूर्ण खोप घोषणा सभा व्यवस्थापन खर्च | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २३ | जिल्ला स्तरमा पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रवर्धन सम्वन्धि अभिमुखीकरण र  दिगोपनाको लागि योजना तयारी गोष्ठी | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २४ | पूर्ण खोप सुनिश्चतता एवं सुक्ष्म योजना तयारी प्रक्रिया, तथा कोल्डचेन व्यवस्थापन, ए.ई.एफ.आई, सर्भिलेन्स, र सरसफाई प्रवर्द्धन सम्वन्धि आधारभुत ४ दिने तालिम | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २५ | पालिका स्तरमा पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रवर्धन लागी योजना तयारी गोष्ठी १ दिने (पालिका खोप समन्वय समिती, वडा प्रतिनिधि र स्वास्थ्य संस्था प्रमुख) जिल्लामा बजेट उपलब्ध गराउने | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २६ | नियमित खोप र सरसफाई प्रबद्र्धनको लागि रणनीति तयारी तथा सुक्ष्म योजना | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २७ | छुट बच्चाको पहिचान भई पूर्ण खोप सुनिश्चितताको समिक्षा, | मोहदत्त ढकाल | कार्यक्रम सम्पन्न |
| २८ | विश्व औलो दिवस मनाउने, | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| २९ | निशुल्क खानेपानी परीक्षण ,खानेपानी परीक्षण प्रतिवेदन | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३० | कालाजार, डेंगू, चिकनगुनिया, स्क्रब टाइफस, जीका, अन्य ईमर्जिङ रोगहरू साथै किटजन्य रोग नियन्त्रणबारे स्वास्थ्यकर्मी, म.स्वा.से. तथा अन्य सरोकारवालाहरूलाई अभिमूखिकरण/अन्तरक्रिया, | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३१ | सरुवा रोग (कोभिड १९, क्षयरोग, डेंगु आदि) को केश ईन्भेष्टिगेशन तथा कन्ट्र्याक्ट ट्रेसिङ | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३२ | क्षयरोग आधारभूत तथा पुनर्ताजगी तालिम | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३३ | कुष्ठरोग निवारण तथा अपांगता व्यवस्थापन कार्यक्रम | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३४ | जिल्ला बाट पालिका एवं डि.आर उपचारकेन्द्र बाट उपकेन्द सम्म औषधि, ल्याब सामाग्री तथा अन्य बस्तु ढुवानी, विश्व क्षयरोग दिवस मनाउने, | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३५ | एच आई भि तथा अन्य रोगहरुको सर्भिलेन्स | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३६ | क्षयरोग स्कृनिङ्ग तथा कन्टायक ट्रेसिङ्ग | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३७ | हात्तीपाइले मोर्वीडिटी म्यापिंग, बिरामी ब्यवस्थापन तथा अपाँगता रोकथाम सम्बन्धि कार्यक्रम | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३८ | वैदेशिक रोजगारीमा जाने यूवा यूवतीहरुका लागि स्वास्थ्य सचेतनामूलक कार्यक्रम एवं स्वास्थ्य परीक्षण | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ३९ | महामारी तथा प्रकोप जन्य अवस्थामा वहुपक्षीय निकायहरु वीच समन्वयान्तमक वैठक आर आर टि परिचालन तथा अभिमुखिकरण कार्यक्रम | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ४० | मानसिक स्वास्थ्य सम्बन्धि तालिम | राजेन्द्र रानाभाट | कार्यक्रम सम्पन्न |
| ४१ | तथ्यांक ब्यवस्थापन समिति निर्माण तथा तथ्यांक बिष्लेषण गरी नियमित प्रस्तुतिकरण | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४२ | बार्षिक प्रतिवेदनको तयारी तथा छपाई | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४३ | १. पुनःउपचारमा दर्ता भएका,  एवं असाहय तथा गरिब बिरामीहरू  लाई उपचार अवधिभर पोषण भत्ता, २. औषधी प्रतिरोधी क्षयरोगका बिरामीहरूका लागि पोषण, यातायात तथा आधारभूत परीक्षण तथा जटिलता व्यवस्थापन खर्च तथा जटिलता व्यवस्थापन खर्च | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४४ | जिल्लास्तर क्षयरोग कोहर्ट विश्लेषण तथा अर्ध बार्षिक समीक्षा गोष्ठी | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४५ | क्षयरोग मुक्त घोषणा अभियानका विभिन्न कृयालकलापहरु | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४६ | विषादीरहीत खाद्य तथा पोषण प्रवर्धन कार्यक्रम | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४७ | पहुँच कम भएका स्थानहरुमा परीवारनियोजन सेवा | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४८ | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरूको डाटा भेरिफिकेशन एवं गुणस्तर सुधार, मासिक बैठक, अर्धबार्षिक एवं बार्षिक समिक्षा साथै बार्षिक प्रतिवेदन तयारी एवं छपाई समेत | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ४९ | स्वास्थ्य कार्यालय मार्फत स्थानीय तहहरू साथै स्वास्थ्य संस्थामा डाटा इन्ट्रि गर्ने कर्मचारीहरुलाई परिमार्जित एल एम आइ एस, एच एम आई एस अभिलेख, प्रतिवेदन तथा मासिक अनुगमन पुस्तिका र आइ एम यू समेतको ओरियण्टेशन | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ५० | स्थानीय तहहरुका स्वास्थ्य प्रमुखहरुका लागि स्वास्थ्य कार्यक्रमहरुको जिल्ला स्तरमा चौमासिक वैठक तथा योजना तर्जुमा | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ५१ | परिवार नियोजन र किशोरकिशोरी स्वास्थ्य सेवा | सुदिप कडेल | कार्यक्रम सम्पन्न |
| ५२ | नियमित खोपको सुदृढीकरणको लागि स्थानिय एफ रेडियोहरुबाट सूचना प्रसारण (माघ देखि वैशाख सम्म) जिल्लामा बजेट उपलब्ध गराउने | सम्यूक्त | कार्यक्रम सम्पन्न |
| ५३ | खोपकोल्डचेन सामाग्रिको नियमित मर्मत, आकष्मिक व्यवस्थापन, | सम्यूक्त | कार्यक्रम सम्पन्न |
| ५४ | खोपकोल्डचेन व्यवस्थापनको लागि ईन्धन तथा विधुत महशुल भुक्तानि | सम्यूक्त | कार्यक्रम सम्पन्न |

| | | | |
|---|---|---|---|
| ५५ | नियमित खोप सेवा र आकस्मिक अबस्थामा प्रदेश तथा जिल्लाबाट भ्याक्सिन, खोप सामग्री र खोप तथा सरसफाई प्रवर्द्धनसँग सम्बन्धित अन्य सामाग्रीको ब्यवस्थापन, वितरण तथा ढुवानी खर्च | सम्यूक्त | कार्यक्रम सम्पन्न |
| ५६ | कोभिड१९ खोप बुस्टर मात्रा समेतको अभियान संचालन तथा व्यवस्थापन खर्च | सम्यूक्त | कार्यक्रम सम्पन्न |

## छ. कार्यालयले प्रदान गर्ने सेवा र प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

स्वास्थ्य कार्यालय तनहुँले प्रदान गर्ने सेवा लाग्ने दस्तुर र अवधि समेतको अवस्थालाई नागरिक वडापत्रमा ब्यवस्था गरी सोही अनुसार कार्यान्वय गरिदै आएको छ ।



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय तनहुँ
नागरिक बडापत्र /Citizen-Charter

| सि. नं. | सेवाको विवरण | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्दा पेश गर्नुपर्ने कागजातहरु | जिम्मेवार कर्मचारी/फाँट | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | खोप सेसन संचालनको तोकिएका खोप केन्द्रबाट खोप सेवा संचालनका लागि राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका भ्याक्सीन वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | खोप/ कोल्डचेन | कार्यालय प्रमुख | |
| २ | स्वास्थ्य कार्यक्रम संचालनका लागि आवश्यक कमोडिटिज जस्तै: परिवार नियोजनका साधन, भिटामिन ए, आईरन चक्की आदि वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | सम्बन्धित फोकल व्यक्ति / स्टोर | कार्यालय प्रमुख | |
| ३ | अत्यावश्यक औषधी तथा औषधी जन्य सामग्री र HMIS/LMIS तथा अन्य फारम वितरण | २ देखि ३ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | स्टोर/तथ्यांक | कार्यालय प्रमुख | |
| ४ | क्षयरोग, कुष्ठरोग, हात्तीपाईले, HIV/AIDS, कार्यक्रमसंग सम्बन्धित औषधी तथा सामग्री वितरण | १ घण्टा | - | सम्बन्धित स्थानीय तहको प्रमाणित माग फारम | क्षयरोग, कुष्ठरोग तथा रोग नियन्त्रण | कार्यालय प्रमुख | |
| ५ | महामारी/विपतको समयमा आवश्यक पर्ने औषधी , सामग्री वा अन्य व्यवस्थापन कार्यका साथै रोगको सर्भिलेन्स गर्ने | १ घण्टा ३० मिनेट | - | स्थानीय तहको अनुरोध पत्र वा आधिकारिक सुचना | RRT फोकल पर्सन | कार्यालय प्रमुख | |
| ६ | कार्यालयमा हुने गतिबिधिहरुबारे सूचना उपलब्ध गराउने | १-२ घण्टा | - | सुचना माग गर्ने व्यक्ति वा निकायको | तथ्यांक, प्रशासन, लेखा वा सम्बन्धित फाँटहरु | कार्यालय प्रमुख | |
| ७ | नसिङ होम स्वीकृति, नवीकरण तथा नियमन गर्ने | १५ दिन | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन र लाग्ने शुल्क | संस्था स्वीकृतका लागि पेस गर्नुपर्ने सम्बन्धि मापदण्डमा उल्लेख भएका कागजातहरु | संस्था स्वीकृति तथा नियमन गर्ने /प्रशासन | कार्यालय प्रमुख | |
| ८ | क्षेत्रका पच्चीस देखि २०० शैयाका अस्पताल, डेण्टल क्लिनिक, आँखा उपचार केन्द्र, रेडियो ईमेजिङ्ग सेन्टर लगाएतका निजी स्तरका स्वास्थ्य संस्थाको प्रस्तावको विस्तृत अध्ययन, अनुगमन गरि स्वास्थ्य निर्देशनालय र सामाजिक विकास मन्त्रालयमा पेश गर्ने | १५ दिन | - | स्वास्थ्य संस्था संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) मा भएका प्रावधान अनुसारका कागजात सहितको निवेदन | संस्था स्वीकृति तथा नियमन गर्ने /प्रशासन | कार्यालय प्रमुख | पूर्वाधार स्वीकृत भई आएमा नियमानुसार शुल्क लाग्ने |
| ९ | परिवार नियोजन तथा सुरक्षित मातृत्व सम्बन्धी जानकारी | तुरुन्तै | - | मौखिक वा लिखित अनुरोध | परिवार नियोजन तथा सुरक्षित मातृत्व कार्यक्रम | कार्यालय प्रमुख | |
| १० | बालस्वास्थ्य तथा पोषण सम्बन्धी जानकारी | तुरुन्तै | - | मौखिक वा लिखित अनुरोध | बालस्वस्थ्य तथा पोषण कार्यक्रम | कार्यालय प्रमुख | |
| ११ | जनस्वास्थ्य सेवा सम्बन्धी जानकारी एवं खानेपानी परिक्षण तथा वातावरणीय परिक्षण | १ दिन | - | मौखिक वा लिखित अनुरोध | प्रयोगशाला | कार्यालय प्रमुख | |
| १२ | जनस्वास्थ्य सेवा सम्बन्धी संघ, प्रदेश र स्थानीय तहमा समन्वय कार्यसंग सम्बन्धित कार्य | १ घण्टा | - | मौखिक वा लिखित अनुरोध | प्रशासन | कार्यालय प्रमुख | |

## ज. निर्णय गर्ने प्रक्रिया र अधिकारी:

कार्यालयको नियमित कामकाजको लागि कार्यालय प्रमुखे निर्णय लिने र बजेट खर्च कार्यक्रम संचालन प्रक्रिया स्थान छनौट जस्ता महत्वपूर्ण विषयहरुमा कार्यकलयका कर्मचारीहरुको वैठक र सरसल्लाहा अनुसार निर्णय लिईने गरिएको छ । तोकिएका कामहरुको हकमा प्राप्त जिम्मेवारी अनुसार कार्यक्रमहरु संचालन हुदै आएको छ । वजेट खर्चका सम्वन्धमा वजेटको प्रकृति अनुसार कार्यक्रमको फोकल पर्सनहरुवाट उठाईएको टिप्पणी शाखा प्रमुखहरुवाट सिफारिस हुदै कार्यालय प्रमुखवाट सदर भए पश्चात वजेट खर्च हुदै आएको छ ।

## झ. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

सेवाग्राहीहरुले कामको प्रकृति अनुसार सेवा लिदा वा सेवा प्राप्त गर्ने प्रकृयामा केही विषयमा अपष्ट भएमा वा कोही कसैले कामकाज सम्पादन गर्दा गरेको ढिलासुस्ती अटेरी वा आईपरेका अन्य समस्याका सम्वन्धमा गुनासो सुन्ने अधिकारी समक्ष गुनासो गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयको कामका सम्वन्धमा आएका गुनासा र उजुरीको सत्यतथ्य पत्ता लगाई सो लाई सुधार गर्ने र आगामी दिनमा यस्ता गतिविधि नदोहोरिउन भनि कार्यालय प्रमुखवाटै नियमित रुपमा अनुगमन गर्ने र प्राप्त उजुली वा गुनासा सुनुवाईको लागि आवश्यक निर्णय लिने गरिदै आएको छ । यसमा कर्मचारीहरुको वैठकवाट गुनासा समाधानका उपायहरु खोजी गरी कार्यान्वय गरिएको पनि छ ।

## ञ. सम्पादन गरेको कामको विवरण:

आ.ब. २०७९।०८० मा यस कार्यालयबाट सम्पनदन भएका मुख्य मुख्य कार्यक्रमहरुलाई यसमा समावेश गरिएको छ ।

क. प्रदेश सामानिकरण

- सरुवा रोग कोभिड १९,डेङ्गु,क्षयरोग जस्ता रोगहरुको कन्ट्याक ट्रेसिङ
- आमा तथा बालबालिकाको पोषण सुधारका लागि अति बिपन्न,दलित र अपाङगता भएका सुत्केरी आमाहरुलाई सुत्केरी पोषण भत्ता बितरण
- आमा समुहका लागि स्वास्थ्य सचेतनामुलक कार्यक्रम
- स्थानीय तहको साझेदारीमा घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम
- खानेपानी आयोजनाको बाताबरणीय लेखाजोखा तथा खानेपानी परीक्षण
- बिषादी रहित खाध्य तथा पोषण प्रबर्धन कार्यक्रम
- बैदेशिक रोजगारमा जाने युवायुवतीहरुका लागि स्वास्थ्य सचेतनामुलक कार्यक्रम एब स्वास्थ्य परीक्षण
- एम्बुलेन्स सेवा समितिको बैठक तथा अभिमुखिकरण कार्यक्रम
- परिवारीक तथा जानसाङख्यि लागत संकलन

ख. संघ शशर्त कार्यक्रम

१. परिवार कल्याण कार्यक्रम

- कोभिड १९ खोप बुस्टर मात्राका लागि जनशक्ती परिचालन र ढुवानी
- स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धी तालिम
- निशुल्क परिवार नियोजन बन्ध्याकरण शिबिर
- जिल्ला स्तरमा पुर्ण खोप कार्यक्रमको लागि समिक्षा तथा पुर्ण खोप दिगोपना कार्यक्रम
- खोपको पहुच बढाई जिल्ला स्तरमा पुर्ण खोप शुनिश्चित गर्न बैशाख महिनालाई खोप महिना संचालन तथा स्थानिय तह स्तरमा योजना निर्माण ।
- नवजात शिसु तथा बालरोगको एकिकृत ब्यबस्थापनका लागि स्वास्थ्यकर्मीहरुलाई तालिम ।
- स्थानिय तहको साझेदारीमा पूर्वप्रसुती र उत्तर प्रसुतीका घरघरमा स्वास्थ्यकर्मी सेवा कार्यक्रम
- उच्च मातृ तथा नवशिशु मृत्यि भएका स्थानिय तहमा समुदायमा आधारित एम पि डि एस आर कार्यक्रम संचालन
- ANC to PNC Continuum of Care Orientation तथा EOC review गर्भावस्थादेखि सुत्केरी अवस्थासम्म सेवा निरन्तरताको लागी सेवा प्रदायक हरूलाइ अभिमुखीकरण कार्यक्रम र EOC को समिक्षा
- Orientation on Web Database of RMNCAH service कार्यक्रम
- क्लिनिकल कोचिङ मेन्टरिङ कार्यक्रम
- Value Clarification and Attitude Transformation on Safe abortion सम्बन्धि अभिमुखीकरण कार्यक्रम
- RHCC गठन तथा बैठक संचालन
- प्रसुतिपश्चातहुने रक्तश्राव PPH रोकथामका लागि मातृ सुरक्षा चक्की सम्बन्धी अभिमुखीकरण तथा समिक्षा
- नियमित खोपको सुदृढीकरणको लागि स्थानिय रेडियोहरुबाट सुचना प्रसार
- स्वास्थ्यकर्मीहरुका लागि खोप सम्बन्धी आधारभुत तालिम

२. नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम

- राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेबीकालाई स-सम्मान बिधाई/ नया प्रबेश हुनुभएकालाई तालिम ।

३. एड्स तथा योन रोग नियन्त्रण कार्यक्रम

- एच.आई.भि सम्बन्धी भेदभाब न्युनिकरणका लागि बिभिन्न संचार माध्यमबाट जनचेतनामुलक सुचना प्रशारण ।
- रोजगारका लागि बिदेश जाने ब्यक्तिहरुका तथा उनिहरुको परिवारका लागि TB/HIV सेवामा पुहुच बढाउन र त्यस सम्बन्धी भेदभाब न्युनिकरणका लागि कार्यक्रम संचालन।

४. माहामारी तथा रोग नियन्त्रण कार्यक्रम

- मानसिक स्वास्थ्य सम्बन्धी तालिम संचालन
- नसर्ने रोग सम्बन्धी तालिम संचालन
- हात्तीपाईले रोगको मर्बिडिटी म्यापिङ बिरामी ब्यबस्थापन र अपाङ्गता रोकथाम कार्यक्रम

५. स्वास्थ्य ब्यबस्थापन कार्यक्रम

- स्थानिय तहमा डाटा ईन्ट्री गर्ने कर्मचारीलाई परिमार्जित अभिलेख प्रतिबेदन सम्बन्धी तालिम
- स्थानिय तहको तथ्याङक सुधारका लागि मासिक/चौमासिक/ बार्षिक समिक्षा
- तथ्याङक ब्यबस्थापन समिती गठन गरी नियमित प्रस्तुतीकरण

६. राष्ट्रिय स्वास्थ्य शिक्षा तथा संचार केन्द्र

- आम संचारहरुबाट स्वास्थ्य सन्देश प्रशारण
- बिध्यालय स्वास्थ्य शिक्षा कार्यक्रम

७. अपाङ्गता तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम

- कुष्ठरोग बिरामीको खोजपड्ताल अपाङगता सिघ्र पहिचान कार्यक्रम

८. क्षयरोग निन्त्रण कार्यक्रम

- क्षयरोगको आधारभुत तालिम संचालन
- जिल्ला स्तर क्षयरोगको कोहर्ट बिश्लेषण तथा समिक्षा गोष्ठी संचालन
- पुन उपचारमा दर्ता भएका र असाहाय र गरिब बिरामीलाई पोषण तथा यातायात खर्च

९. उपचारात्मक सेवा कार्यक्रम

- स्तरीय उपचार पद्दती STP सम्बन्धी तालिम
- नाक,कान,घाटी तथा मुख स्वास्थ्यको प्रथामिक उपचार सम्बन्धी तालिम

## ट. सूचना अधिकारी र प्रमुखको नाम र पदः

सूचना अधिकारी र प्रमुखको नाम र पद तपशिल अनुसार रहेको छ।

| सि.नं. | जिम्मेवारी | नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यालय प्रमुख | शंकर वावु अधिकारी | खोप सुपरभाईजर अधिकृत | ९८५६०२२७३७ | निमित्त कार्यालय प्रमुख |
| २ | सूचना अधिकारी | सुदिप कंडेल | परिवार नियोजन सुपरभाईजर निरीक्षक | ९८४६४७९१२० | |

## ठ. ऐन नियम र निर्देशिका तथा मापदण्डहरुको सूचिः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन २०७९
२. गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९
३. जनस्वास्थ्य सेवा ऐन २०७५
४. जनस्वास्थ्य सेवा नियमावली २०७७
५. प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७८
६. प्रदेश सुशासन ऐन २०७६
७. खोप सेवा (संचालन तथा ब्यवस्थापन) ऐन २०७५
८. राष्ट्रिय एम्वुलेन्स निर्देशिका २०७८
९. राष्ट्रिय खानेपानी गुणस्तर निगरानी सर्भिलेन्स निर्देशिकाः२०७०

१०.आरआरटि निर्देशिका २०७९

११. प्रदेश खर्चको मापदण्ड २०७९

१२. स्वास्थ्य संस्थाजन्य फोहर व्यवस्थापन तथा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी मापदण्ड, २०७९

१३. सेवा करारमा चिककत्सक र स्वास्ॣयकमी व्यवस्थापन कायकवधि, २०७९

१४. स्वास्थ्य आपूर्ती श्रृखला ब्यवस्थाप सम्वन्धी मापदण्ड २०७८

१५.गण्डकी प्रदेशको स्वास्थ्य नीति २०७८

ङ. **वार्षिक कार्यक्रम प्रगति सम्वन्धि विवरण:** आ.ब २०७९/८० मा स्वास्थ्य कार्यालय तनहुँलाई प्राप्त बजेट(शंघ शशर्त / प्रदेश समानिकरण) बाट प्राप्त भएका कार्यक्रमहरुमा मध्ये चालु तर्फ ७२.६२% बित्तीय प्रगती र ९९.१४% भौतिक प्रगती भएको छ। यसरी नै पुजीगत तर्फ ९८.६९% बित्तीय प्रगती र १००% भौतीक प्रगती भएको छ। आ.ब २०७९/८० मा नै प्रदेश समानिकरण तर्फ बित्तीय प्रगती ८२ % र भौतीक प्रगती ९९% रहेको छ र शंघ शशर्त तर्फ हेर्दा ५४% बित्तीय प्रगती र ७९% भौतीक प्रगती रहेको छ। समग्रमा कार्यालयको प्रगति उदेश्य अनूरुप रहेको छ।


ढ. **आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धि अधावधिक विवरण:**

वार्षिक वजेट प्राप्त र खर्चको अवस्था तपशिलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | शिर्षक | पुँजीगत | | | | | | चालू | | | | | | जम्मा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | | | प्रगती % | | | लक्ष्य | | | प्रगती % | | | लक्ष्य | | | प्रगती % | | |
| | | भौतिक | भार | वित्तीय | भौतिक | भारित | वित्तीय | भौतिक | भार | वित्तीय | भौतिक | भारित | वित्तीय | भौतिक | भार | वित्तीय | भौतिक | भारित | वित्तीय |
| १ | वित्तीय समानीकरण | ४ | १०० | ३००० | १०० | १००.०० | ९८.६१ | २४०१ | ६८.८८ | ६३०७२ | ९८.६३ | ६७.९४ | ८१.२१ | २४०५ | ६९.८७ | ६६०७२ | ९८.६३ | ६८.९१ | ८२.०० |
| क. | वित्तीय समानीकरण जम्मा | ४ | १०० | ३००० | १००.०० | १००.०० | ९८.६१ | २४०१ | ६९ | ६३०७२ | ९८.६३ | ६७.९४ | ८१.२१ | २४०५ | ६९.८७ | ६६०७२ | ९९ | ६८.९१ | ८२ |
| १ | संघीय सशर्तः एड्स तथा यौन रोग नियन्त्रण | ० | ० | ० | ० | ० | ० | २ | ०.३८ | ३५० | १००.०० | ०.३८ | ९१.४३ | २ | ०.३७ | ३५० | १००.०० | ०.३७ | ९१.४३ |
| २ | संघीय सशर्तः अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ३ | ०.२८ | २५५ | ६६.७ | ०.१९ | ३०.९८ | ३ | ०.२७ | २५५ | ६६.७ | ०.१८ | ३०.९८ |
| ३ | संघीय सशर्तः स्वास्थ्य व्यवस्थापन | ० | ० | ० | ० | ० | ० | ९ | १.१६ | १०६५ | १००.०० | १.१६ | ८२.५९ | ९ | १.१३ | १०६५ | १००.०० | १.१३ | ८२.५९ |
| ४ | संघीय सशर्तः राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र | ० | ० | ० | ० | ० | ० | ६ | ०.३३ | ३०० | १००.०० | ०.३३ | ६६.६७ | ६ | ०.३२ | ३०० | १००.०० | ०.३२ | ६६.६७ |
| ५ | संघीय सशर्तः परिवार कल्याण कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ५० | २१.०३ | १९२५९ | ७२.०० | १५.१४ | ४७.१७ | ५० | २०.३७ | १९२५९ | ७२.०० | १४.६६ | ४७.१७ |
| ६ | संघीय सशर्तःनर्सिङ तथा सामाजिक सुरक्षा सेवा | ० | ० | ० | ० | ० | ० | ३ | १.९८ | १८१६ | १००.०० | १.९८ | ९४.४२ | ३ | १.९२ | १८१६ | १००.०० | १.९२ | ९४.४२ |
| ७ | संघीय सशर्तः क्षयरोग नियन्त्रण कार्यक्रम | ० | ० | ० | ० | ० | ० | १३ | १.०९ | ९९६ | ७६.९२ | ०.८४ | ४२.८२ | १३ | १.०५ | ९९६ | ७६.९२ | ०.८१ | ४२.८२ |
| ८ | संघीय सशर्तः उपचारात्मक सेवा कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ३ | १.३१ | १२०० | ६६.७ | ०.८७ | १७.२८ | ३ | १.२७ | १२०० | ६६.७ | ०.८५ | १७.२८ |
| ९ | संघीय सशर्तः महामारी रोग नियन्त्रण कार्यक्रम | ० | ० | ० | ० | ० | ० | १५ | ३.५५ | ३२५० | ८०.०० | २.८४ | ७३.०५ | १५ | ३.४४ | ३२५० | ८०.०० | २.७५ | ७३.०५ |
| ख | संघीय सशर्त जम्मा | ० | ० | ० | ० | ० | ० | १०४ | ३१.१२ | २८४९१ | ७८.८५ | २३.७४ | ५३.६५ | १०४ | ३०.१३ | २८४९१ | ७८.८५ | २२.९८ | ५३.६५ |
| | **कुल जम्मा** | ४ | १०० | ३००० | १००.०० | १००.०० | ९८.६१ | २५०५ | १०० | ९१५६३ | ९७.८० | ९१.६७ | ७२.६४ | २५०९ | १०० | ९४५६३ | ९७.८१ | ९१.९० | ७३.४६ |

Page 1

## आ.ब २०७९/८० को प्रगती अबस्था




**ण. तोकिए वमोजिमका अन्य विवरणः**

- टेलिफोन नं. ०६५५६३११९ र ०६५५६३८२०
- Website: https://hotanahun.gandaki.gov.np/
- Email. dhotanahun@gmail.com
- पत्राचार गर्ने ठेगानाः स्वास्थ्य कार्यालय तनहुँ ब्यास ३ अस्पताल लाईन दमौली



स्वास्थ्य कार्यालय तनहुँको गतिविधि २०७९ चैत्र देखी २०८० असार मसान्त
प्रकाशन मिति २०८० श्रावण ११

सुझावको लागि धन्यवाद